नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
( प्रशासन शाखा )

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४४१४३९१

पो.ब.नं. ४०७
महाराजगञ्ज, काठमाडौँ

## प्रेस विज्ञप्ती- ०२

## "डा. रंजित कुमार यादवलाई छाडिएको"

प्रहरी प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रंजित कुमार यादव भएको लिखत सम्बन्धी कसूर मुद्दाको अनुसन्धानको क्रममा जिल्ला महोत्तरी, पिपरा-८ बस्ने विश्वनाथ यादवका छोरा वर्ष ३२ को रंजित कुमार यादवलाई मिति २०८०/०४/२५ गते जिल्ला भक्तपुर, मध्यपुर ठिमी नगरपालिका, लोकन्थलीबाट कानून बमोजिम जरुरी पक्राउ पूर्जी दिई पक्राउ गरी मिति २०८०/०४/२६ गते सम्मानित काठमाडौं जिल्ला अदालतबाट जरुरी पक्राउ पूर्जी स्वीकृति गरी पक्राउ मितिबाट लागू हुने गरी प्रथम पटक दिन ५ (पाँच) को म्याद थप अनुमति प्राप्त भई यस ब्यूरोको हिरासतमा राखी अनुसन्धान भई रहेकोमा नेपाल मेडिकल काउन्सिल, बाँसबारी, काठमाडौंको च नं १२३/२०८०/०८१ (प्र) मिति २०८०/०४/२८ गतेको पत्रद्वारा "यस काउन्सिलबाट मिति २०७८/०८/२८ गते थप कागज पत्र च नं ४०२/०७८/०७९ (प्र) मार्फत देवेन्द्र यादवका छोरा रंजित कुमार यादवको प्रमाण पत्रहरुको प्रतिलिपि माग हुँदा यस काउन्सिलमा दर्ता भएका चिकित्सक रंजित कुमार यादव, विश्वनाथ यादवको छोराको दर्ता प्रमाण पत्र र आवेदन फारम भूलवस संलग्न हुन गएको कुरा अभिलेखबाट देखिएको जानकारी गराउँदछु" भन्ने समेत व्यहोराको प्राप्त पत्र र प्रमाण कागजातहरु अनुसार हाल पक्राउ परेका डा. रंजित कुमार यादव वास्तविक प्रतिवादी नभएको एकीन हुन आएको हुँदा निजलाई प्रस्तुत कसूरको अनुसन्धानको लागि हिरासतमा राखी राख्न आवश्यक नदेखिएकोले मिति २०८०/०४/२८ गते नै जिम्मा जमानीमा छाडिएको व्यहोरा जानकारीको लागि सूचित गरिन्छ ।

मिति:- २०८०/०४/२९ गते।

प्रहरी उपरीक्षक
(नवराज अधिकारी)
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११

# नेपाल मेडिकल काउन्सिल
# Nepal Medical Council
(नेपाल मेडिकल काउन्सिल ऐन २०२० अन्तर्गत स्थापित/Established under Nepal Medical Council Act 1964)

P.O. Box No. 13890, Bansbari, Kathmandu, Nepal, Tel: +977-1-4371244, 4371954, Fax: 977-14372318, Email: nmc@nmc.org.np, **www.nmc.org.np**

च.नं.१२३/०८०/०८१/(प्र)

मिति: २०८०/०४/२८

श्री प्रहरी प्रधान कार्यालय,
केन्द्रीय अनसन्धान ब्युरो
महाराजगन्ज काठमाडौ ।

**विषय : यर्थाथ विवरण खुलाई पठाइएको सम्बन्धमा ।**

उपरोक्त विषयमा केन्द्रीय अनुसन्धान व्युरोको मिति २०७५/११/१५ को प.स. १-०१-१२-३/०७५/०७६ च.नं. ५९१९ पत्रको बारेमा यस काउन्सिलले मिति २०७६/०६/२७ गते १६०३ जना व्यक्तिहरुको नाम सहितको विवरण उपलब्ध गराएको कुरा अवगत नै छ ।
केन्द्रीय अनुसन्धान ब्युरोबाट मिति २०७७/१२/०४ गते प्रेषित पत्र २०७७/१२/०८ मा काउन्सिलमा प्राप्त भए अनुसार काउन्सिलबाट मिति २०७८/०८/२८ गते थप कागजपत्र च.नं ४०२/०७८/०७९ (प्र) मार्फत देवेन्द्र यादवका छोरा रंजित कुमार यादवको प्रमाणपत्रहरुको प्रतिलिपि माग हुँदा यस काउन्सिलमा दर्ता भएका चिकित्सक रंजित कुमार यादव विश्वनाथ यादवको छोराको दर्ता प्रमाण पत्र र आवेदन फाराम भूलवश संलग्न हुन गएको कुरा अभिलेखबाट देखिएको जानकारी गराउँदछु ।

**संलग्न कागजातहरु**

१ देवेन्द्र यादवका छोरा रंजित कुमार यादवको Eligibility certificate को प्रतिलिपि पान-१

२ देवेन्द्र यादवका छोरा रंजित कुमार यादवका SLC Certificate को प्रतिलिपि पान-१

३ देवेन्द्र यादवका छोरा रंजित कुमार यादवका I.Sc को प्रतिलिपि पान-१

.................................
डा. कृष्णप्रसाद अधिकारी
रजिष्ट्रार